नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय कृष्णनगर, कपिलवस्तु

**बक्यौता कर रकम दाखिला गर्ने जरुरी सूचना**

सूचना प्रकाशन मितिः २०८०/०२/३०

यस कार्यालय वा अन्तर्गत दर्ता रहेका तपसिल बमोजिमका करदाताहरुलाई कर बक्यौता दाखिला गर्न विभिन्न मितिमा पत्राचार, फोन सम्पर्क तथा संकलन भ्रमण गरिएकोमा त्यस्ता करदाताहरुबाट हालसम्म पनि बक्यौता रकम दाखिला गरेको नदेखिएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र बक्यौता रकम दाखिला गर्नुहुन वा दाखिला गरेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराइन्छ । अन्यथा आयकर ऐन,२०५८ को दफा १०४ देखी ११९ सम्मको तथा मू.अ.कर ऐन,२०५२ को दफा २१(१) बमोजिम कुनै वा सबै प्रावधानको हदैसम्मको प्रकिया अपनाइ बक्यौता कर रकम असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

| क.सं. | करदाताको नाम | स्थायी लेखा नं. | ठेगाना | प्रोप्राइटर/संचालकको नाम | बक्यौताको प्रकार |
|---|---|---|---|---|---|
| १ | आर.के.इन्टरनेशनल | ३०००२९२०८ | कृष्णनगर-२ कपिलवस्तु | राकेश कुमार अग्रवाल | आयकर/मू.अ.कर |
| २ | पन्च कन्या ईट्टा उद्योग | ३०१३९१५८० | शिवराज-६ कपिलवस्तु | सफर मियाँ | आयकर/मू.अ.कर |
| ३ | रौनक बालुवा प्रशोधन उद्योग | ६०४८४६१६५ | शिवराज-८ मोतिनगर कपिलवस्तु | दिसी चन्द्र मिश्रा | मू.अ.कर |
| ४ | डि.एम.सि.ईट्टा भट्टा उद्योग | ३०५४२९९६४ | शिवराज-५ बिरपुर कपिलवस्तु | दुलारमति चौधरी (कुर्मिन) | मू.अ.कर |
| ५ | ग्यालेक्सी बालुवा प्रशोधन उद्योग | ६०४९९२४९९ | शिवराज-५ खैरी कपिलवस्तु | इस्तिहाज अहम्द खान | मू.अ.कर |
| ६ | शुसन भुसाल सप्लायर्स | ३०५४०६३९० | बुद्धभूमि-४ कपिलवस्तु | गोमा भुसाल | मू.अ.कर |
| ७ | खड्का काष्ठ तथा फर्निचर सप्लायर्स | ३०५१६३८७९ | बाणगंगा-११ कपिलवस्तु | लाल बहादुर खड्का क्षेत्री | मू.अ.कर |
| ८ | पूर्णतारा सप्लायर्स | ६०१५२८३०५ | गोरुसिङ्गे,कपिलवस्तु | प्रकाश के.सी. | मू.अ.कर |
| ९ | हिमाल ट्रेडर्स | ३०५२९५१३४ | बाणगंगा-८कपिलवस्तु | हिमालय पौडेल | आयकर |
| १० | दिपिका सप्लायर्स | ३००३६२१७६ | बाणगंगा-८कपिलवस्तु | शोभाखर पौडेल | आयकर/मू.अ.कर |
| ११ | लुम्बिनी कंकिट उद्योग प्रा.लि. | ३०२२२९५२५ | बाणगंगा-८कपिलवस्तु | बिश्राम प्रसद चौधरी | आयकर/मू.अ.कर |
| १२ | महाकाली आयल सेन्टर | ३०३४८२८८८ | बाणगंगा-४ कपिलवस्तु | बिरेन्द्र खाण | आयकर/मू.अ.कर |
| १३ | केदार नाथ मोटर साइकल पार्टस | ३०४१८७३७९ | बाणगंगा-१ कपिलवस्तु | टेकनाथ पाठक | आयकर/मू.अ.कर |
| १४ | जय मनकामना मोटरसाइकल वर्क | ३०५४३०१४० | बाणगंगा-१ कपिलवस्तु | डम्बर देव पाठक | आयकर/मू.अ.कर |
| १५ | मारुतीनन्दन एग्रो इण्डष्ट्रिज | ६०१५२२५७४ | बाणगंगा-११ कपिलवस्तु | गणेश कुमार गुप्ता | आयकर |
| १६ | लोकप्रिय हार्डवेयर सेन्टर | ३००३५६६०९ | शिवराज-५ चन्द्रौटा कपिलवस्तु | जम्शेर मियाँ | आयकर/मू.अ.कर |
| १७ | गुरौंस डिष्टिलरी प्रा.लि. | ३०००२९१६३ | शिवराज-५ कपिलवस्तु | उज्जवल श्रेष्ठ | आयकर/अन्तःशुल्क |
| १८ | शिव इन्टरनेशनल | ३००९०४४५४ | कपिलवस्तु-१ गैठीटोल | गणेश कुमार गुप्ता | आयकर/मू.अ.कर |
| १९ | क्रिष्टल डिजिटल फल्याक्स प्रिन्ट | ६०२८०१७३१ | शिवराज-५ चन्द्रौटा कपिलवस्तु | पदमराज पौडेल | मू.अ.कर |
| २० | मौर्य गोल्डेन कपास उद्योग | ३०४५५६५५९ | शिवराज-३ कपिलवस्तु | नन्कु प्रासद मुराउ(मौर्य) | मू.अ.कर |
| २१ | कलश श्री अर्डर एण्ड सप्लायर्स | ६०६१८१९४५ | बुद्धभूमि-२ कपिलवस्तु | कमल आचार्य | मू.अ.कर |
| २२ | महालक्ष्मी स्टोर | ३०४५५०७६० | कृष्णनगर-२ कपिलवस्तु | दयानन्द त्रिपाठी | मू.अ.कर |
| २३ | दृष्टि आइरन | ३०४५५५२६० | कृष्णनगर-२ कपिलवस्तु | मनिषा तुलष्यान | आयकर |
| २४ | एस.के.ढुवानी सेवा | ६०३६१२०३३ | शिवराज-६ चन्द्रौटा कपिलवस्तु | खेमराज चौधरी | आयकर/मू.अ.कर |
| २५ | पपुलर सप्लायर्स | ३०५४३३३४५ | कृष्णनगर-२ कपिलवस्तु | महोम्द उमर मुसलमान | आयकर |
| २६ | हिमचुली सप्लायर्स | ३०५२९९४५१ | कृष्णनगर-२ कपिलवस्तु | सफि उल्ला मुसलमान | आयकर |
| २७ | कपिलवस्तु मल्टी एग्रो इण्डष्ट्रिज | ३०३८९३२१७ | बाणगंगा-८कपिलवस्तु | | आयकर |
| २८ | आयसा ग्यास सप्लायर्स | ३०५३०५३०७ | कपिलवस्तु-३ तौलिहवा | मोहम्मद उमर मु.चु | मू.अ.कर |
| २९ | जनप्रिय बालुवा प्रशोधन उद्योग | ६०५७५३०११ | बाणगंगा-७ कपिलवस्तु | बिष्णु पौडेल | मू.अ.कर |
| ३० | आई.एस.के.ईट्टा उद्योग | ३०२२३२७७८ | महाराजगंज-३ कपिलवस्तु | नविन निशा मुसलमान | मू.अ.कर |
| ३१ | छविलि इन्टरप्राइजेज | ३०००३१२६५ | कृष्णनगर-२ कपिलवस्तु | अकिल मिया | मू.अ.कर |
| ३२ | खड्का माटो सप्लायर्स | ६०८१७९९८४ | बुद्धभूमि-१० कपिलवस्तु | ठग बहादुर खड्का | मू.अ.कर |
| ३३ | चौधरी इट्टा रोडा उद्योग प्रा.लि. | ३०३२७६३४४ | शिवराज-७ कपिलवस्तु | रमेश चन्द्र चौधरी | मू.अ.कर |
| ३४ | पाकिजा लोकप्रिय इट्टा उद्योग | ३००५४२५९४ | शिवराज-१० कपिलवस्तु | मकबुल खान | मू.अ.कर |
| ३५ | मनिष काष्ठ सप्लायर्स | ३०२९२०१०१ | बाणगंगा-४कपिलवस्तु | राजेन्द्र बहादुर थापा क्षेत्री | मू.अ.कर |
| ३६ | रेहान कबाड सेन्टर | ६११७२३२१९ | कृष्णनगर-२ कपिलवस्तु | रुकशाना मुसलमान | मू.अ.कर |
| ३७ | वैष्णु ईट्टा उद्योग | ३०५४३१७३८ | शिवराज-६ कपिलवस्तु | शत्रुघ्न प्रसाद चौधरी | मू.अ.कर |
| ३८ | आशिक मिट सप तथा कबाड से | ३०५३०३३३० | बुद्धभूमि-२ कपिलवस्तु | मजहार पाखिया | मू.अ.कर |
| ३९ | ओम निर्माण सेवा | ६०६३३११६८ | बाणगंगा-९कपिलवस्तु | कमल राज आचार्य | मू.अ.कर |
| ४० | सेभेन स्टार अफसेट प्रेस | ६१२६९६४३१ | महाराजगंज-१ कपिलवस्तु | श्याम बहादुर थारु | मू.अ.कर |
| ४१ | शिवशक्ति ईट्टा उद्योग | ३०५२९८२८१ | कृष्णनगर-९कपिलवस्तु | लालजि प्रसाद चौधरी | मू.अ.कर |
| ४२ | सिद्धबाबा ट्रेड एण्ड रिट्रेड सेन्टर | ६११४४९३६२ | शिवराज-५कपिलवस्तु | राम बहादुर थारु | मू.अ.कर |
| ४३ | ओम सिद्ध बाबा ट्रेडर्स | ६१७५५१२९८ | कृष्णनगर-८कपिलवस्तु | राम सजिवन रैदास | मू.अ.कर |
| ४४ | सिद्धार्थ ट्रेड सेन्टर | ३०५३०६१४६ | कपिलवस्तु-३ तौलिहवा | जित बहादुर चौधरी | मू.अ.कर |
| ४५ | बाणगंगा कबाड सेन्टर | ६११९२७०६६ | बाणगंगा-७कपिलवस्तु | मुसलम अलि कुजडा | मू.अ.कर |
| ४६ | बज्रालमुखी ईट्टा उद्योग | ६०८३१९६४१ | कृष्णनगर-९कपिलवस्तु | प्रल्हाद मौर्य | मू.अ.कर |

# रानाभाट समाज लुम्बिनीमा युवराज

**माधब भाट**

कपिलवस्तु २९ जेठ




रानाभाट/ भाट समाज नेपाल लुम्बिनी प्रदेशको प्रथम अधिवेशन बाणगङ्गा नगरपालिकाका मेयर चक्रपाणी अर्यालको प्रमुख आथित्यतामा कपिलवस्तुको बाणगङ्गामा गरिएको छ।

लुम्बिनी प्रदेशको प्रथम अधिवेशनले युवराज पौडेल भाट (पाल्पा) को अध्यक्षतामा १७ सदस्यीय रानाभाट / भाट समाज लुम्बिनी प्रदेश कार्य समिती सर्वसम्मत रुपमा चयन भएको । जसमा रत्न बहादुर पौडेल भाट बरिस्ठ उपाध्यक्ष (रुपन्देही), उपाध्यक्षमा शंकर भाट कपिलवस्तु, नेत्र बहादुर रानाभाट (बाके), महासचिबमा माधब भाट क्षेत्री ( कपिलवस्तु ),कोषाध्यक्षमा नारायण रानाभाट ( रुपन्देही),सह सचिबमा बिजय राना भाट (पाल्पा),सदस्यहरुमा केहर सिंह भाट,र रत्नबिक्रम क्षेत्री,(कपिलवस्तु), नुन बहादुर भाट,(अर्घाखाँची ) , टंक बहादुर रानाभाट ( रुपन्देही ) गोबिन्द रानाभाट (पाल्पा ),शेर बहादुर रानाभाट (पाल्पा),मिना बिसि भाट ( अर्घाखाँची ), खिम बहादुर रानाभाट ( बर्दिया ),दिनेश शापकोटा भाट ( बाके ) र नुयाराम रानाभाट (रुपन्देही ) सर्वसम्मत निर्वाचित भयका छन।

कार्यक्रममा बोल्दै मेयर अर्यालले रानाभाट / भाट समाज लुम्बिनी प्रदेशको अधिवेशन बाणगङ्गमा आयोजना गरिएकोमा खुसी ब्यक्त गर्दै भाट जातिको ऐतिहासिक एवं बिशिस्ट पृष्ठभुमि रहेको , प्राचिनकालिन तथा मध्यकालिन समयमा राज्य सन्चालनमा मार्गनिर्देशनका साथै राष्ट्रको समृद्धिको निम्ति हरतरहबाट योगदान पुर्‍याएको जिकिर गर्दै रानाभाट / भाट समाज मुलुकको समृद्धिमा आगामी दिनहरुमा अझ धेरै योगदान दिन सकोस भन्ने शुभकामना व्यक्त गर्नु भएको थियो । कार्यक्रममा रानाभाट / भाट समाज गण्डकी प्रदेशका अध्यक्ष सुरज रानाभाट , सितगङ्गा नगरपालिका का उपमेयर गिता भाटले भाट जातिको इतिहासको बारेमा प्रष्ट पार्दै भाट जातिको पहिचान रक्षाका लागि किमार्थ पछि नहटिने जानाकारी गराउनु भयको थियो।

कार्यक्रममा केन्द्रीय प्रतिनिधिहरु विभिन्न जिल्लाका अध्यक्षहरु , नेपाल पत्रकार महासंघ कपिलवस्तुका अध्यक्ष किरणमान बज्राचार्य लगायतले अधिवेशन सफलताको शुभकामना दिनु भएको थियो।

कार्यक्रममा ८० बर्ष माथिका जेष्ठ नागरिकलाई सम्मान पत्र, नगद पुरस्कार एवम दोसल्ला ओडाएर सम्मान गरिएको थियो। कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो। लुम्बिनी प्रदेश अध्यक्ष भिम रानाभाटले प्रस्तुत गर्नुभएको साङ्गठानिक प्रतिवेदन पारित गरिएको थियो ।साथै अधिवेशन सफल पार्न बिभिन्न उपसमितिमा रहेर महत्त्वपूर्ण योगदान पुर्‍याउनु भएका संयोजकहरुलाई कदर पत्र प्रदान गर्नु भयको थियो।

अधिवेशनमा लुम्बिनी प्रदेशका अधिकाम्स जिल्लाबाट प्रतिनिधि मुलक सहभागिता रहेको थियो। प्रतिनिधि, पर्यबेक्षक , आमन्त्रित साथै केन्द्रीय प्रतिनिधि गरि करिव २०० को उपस्थिति रहेको थियो।

रानाभाट/ भाट समाज लुम्बिनी प्रदेशको प्रथम अधिवेशनको उद्घाटन समारोह अध्यक्ष भिम बहादुर रानाभाटको अध्यक्षता , प्रदेश अधिवेशन आयोजक कमिटी सदस्य माधव भाट क्षेत्रीको सन्चालनमा भएको थियो ।उद्घाटन समारोह समापन भय सङै बन्द सत्रको आयोजना गरिएको थियो। बन्दसत्र निवर्तमान अध्यक्ष भिम बहादुर रानाभाटको अध्यक्षतामा केन्द्रीय सदस्य खिम बहादुर बिसि.भाट , यमलाल भाट , मिना बिसि भाट र अर्जुन रानाभाट रहेको ५ सदस्यीय निर्वाचन मन्डलले नयाँ कार्यसमिति निर्वाचित गरेको थियो। नव निर्वाचित समितिलाई केन्द्रिय सदस्य खिम बहादुर बिसि भाट , गण्डकी प्रदेस अध्यक्ष सुरज रानाभाट लगायतले सफल कार्यकालको शुभकामना दिनु भयको थियो ।

# सीमा क्षेत्रमा प्रहरीका लागि आधुनिक भवन

बाँके २९ जेठ

बाँकेको राप्तीपारीस्थित नरैनापुर मटैयामा रहेको इलाका प्रहरी कार्यालय भगवानपुर जीर्ण तथा साँघुरो भवन भएका कारण प्रहरी कर्मचारी निराश थिए।

इलाका प्रहरी कार्यालय भगवानपुरको आधुनिक भवन तथा ब्यारेक निर्माण भई उद्घाटन भएपछि नरैनापुरमा रहेका प्रहरी तथा कर्मचारी खुसी देखिएका छन्।

लुम्बिनी प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) उमेशराज जोशीले नव निर्मित भवनको सोमबार उद्घाटन गर्नुभयो। भवनको उद्घाटन गर्दै डिआइजी जोशीले अपराध न्यूनीकरणका लागि सहकार्य जरुरी रहेको बताउनुभयो

सो अवसरमा नरैनापुर गाउँपालिकाका अध्यक्ष ईस्तियाक अहमद शाहले नरैनापुर गाउँपालिकाभित्र रहेका अन्य प्रहरी इकाई जीर्ण रहेको भन्दै पुनः निर्माणका लागि प्रहरी नेतृत्वको ध्यानाकर्षण गराउनुभयो।

इलाका प्रहरी कार्यालय भगवानपुरका प्रहरी निरीक्षक राजन रायमाझीले तीन करोड बढीको लागतमा आधुनिक भवन निर्माण भएको जानकारी दिनुभयो।

प्रहरी निरीक्षक रायमाझीले भन्नुभयो, 'विगतमा प्रहरीले आफैलाई रातिको समयमा बस्न समेत गाह्रो थियो, अब नयाँ भवन बनेपछि सेवा प्रवाहमा समेत सहजता आउने विश्वास लिएका छौं।'

भारतीय सीमा नजिकै रहेको कार्यालयमा ४२ जना प्रहरीको दरबन्दी रहेको छ।

भवन उद्घाटनमा प्रहरी प्रदेश कार्यालयका सुर्खेत (हाल नेपालगञ्ज) का प्रहरी वरिष्ठ उपरीक्षक डिल्लिराज विष्ट, लुम्बिनी प्रदेश प्रहरी अस्पतालका प्रहरी वरिष्ठ उपरीक्षक डा. अमिनकुमार श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरीक्षक सन्तोषसिंह राठौर, लुम्बिनी प्रदेश प्रहरी गण खजुराका प्रहरी उपरीक्षक तुलबहादुर कार्कीलगायतका प्रहरी अधिकृतहरूको सहभागिता थियो।


पानी उमालेर पिउने गरौ
अनुरोधक :- सैनामैना नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुपन्देही

बाढी पहिरोको जोखिम स्थानमाबसेकाहरु समयमै सुरक्षित स्थानमा जाऔ
अनुरोधक :- बिजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कपिलवस्तु

जथाभावी बाटो नकाटौ ,अकाल मृत्युबाट बचौ
अनुरोधक :- मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कपिलवस्तु

पशुपंक्षीहरुलाई दाना,पानी दिने भाँडा नियमित रुपमा सफा गरौ
अनुरोधक :- सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालय अर्घाखाँची

चर्पीमा मात्रै दिसा पिसाव गरौ
अनुरोधक :- सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भैरहवा, रुपन्देही

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔ, स्वस्थ समाजको निमार्ण गरौ
अनुरोधक :- शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुपन्देही

आफ्नो घर र व्यवसायमा बालबालिकालाई श्रममा नलगाऔ , अरुलाई पनी बाल श्रम प्रयोग नगर्न सुचित गरौ
अनुरोधक :- शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कपिलवस्तु

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौ राष्ट्रिय स्वाभिमानको रक्षा गरौ
अनुरोधक :- यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरुप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौ
अनुरोधक :- कञ्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुपन्देही

धुम्रपान र मद्यपानबाट टाढा रहौ,सुखी र स्वस्थ्य जीवन बिताऔ
अनुरोधक :- शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय अर्घाखाँची

रुख रापौ,वन जंगल जोगाऔ बाढी, पहिरोको जोखिम घटाऔ
अनुरोधक :- बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय नवलपरासी

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरु पालना गरौ,आफु पनि जोगिऔ र अरुलाई पनि जोगाऔ
अनुरोधक :- मैऽहवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुपन्देही